

## पत्र पहिला र अहिले



## अभिलेख पहिला र अहिले




## कम्पनी प्रशासनमा अनलाइन फड्को "Faceless & Paperless Service"

- कम्पनी स्थापना, प्रशासन तथा खारेजीसम्बन्धी कार्यलाई अझ सरल र पारदर्शी बनाउन पूर्ण अटोमेसन प्रणालीमा आधारित Company Administration and Management Information System (CAMIS) विकास गरी २०८१ फागुन १९ गतेदेखि पूर्णरूपमा कार्यान्वयनमा ल्याइएको छ।
- कम्पनीका सेयरधनीहरूको पहिचानसम्बन्धी विवरणका लागि राष्ट्रिय परिचयपत्र प्रणाली, करदाताको स्थायी लेखा नम्बर (PAN) प्राप्त गर्ने आन्तरिक राजस्व सूचना प्रणाली तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको प्रणालीसँग अन्तरआबद्धता (Integration) कायम गरिएको छ।
- CAMIS प्रणाली लागू भएपश्चात् १ वर्षको अवधिमा ३,६८,७५३ ओटा कम्पनी दर्ता भएका छन् भने २,२१,१७१ ले वार्षिक विवरण पेस गरेका छन्। साथै, विगतको तुलनामा राजस्व भुक्तानीमा समेत बृद्धि भएको छ।



## वैदेशिक व्यापारको प्रवृत्ति






## स्टार्टअप पर्यावरण निर्माण


- राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८१ को उद्देश्य स्टार्टअप पर्यावरणको निर्माण गरी रोजगारी सिर्जना मार्फत उत्पादन बृद्धि गर्नु, स्वदेशी तथा विदेशी लगानीमा स्टार्टअप उद्यमको स्थापना तथा सञ्चालनलाई प्रोत्साहित गर्नु, नवप्रवर्तन मार्फत उद्यमशीलताको विकास गर्ने साझेदारी प्रवर्धन गर्नु र स्टार्टअप उद्यमलाई बढावा दिन वित्तीय प्रोत्साहन तथा पहुँच अभिबृद्धि गर्नु रहेको छ। हालसम्म स्टार्टअप कर्जा उद्यम कर्जा प्राप्त गर्ने परियोजनाको सङ्ख्या ७६५ पुगेको छ। आ.व. २०८२/८३ मा स्टार्टअप उद्यम कर्जा कार्यक्रम कार्यान्वयनका लागि प्रतिष्ठान, राष्ट्रिय वाणिज्य बैङ्क र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच MOU मा हस्ताक्षर भएको छ।
- लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्र र औद्योगिक व्यवसाय विकास प्रतिष्ठानबाट स्टार्टअप पर्यावरण निर्माण गर्न नेपालमा भएका विश्वविद्यालय/शैक्षिक संस्था तथा निजी क्षेत्रसँग सहकार्य मार्फत Triple Helix Model मा काम भइरहेको छ। प्रतिष्ठान परिसर, त्रिपुरेश्वरमा व्यवसाय सम्वर्धन केन्द्र स्थापना भई मेन्टरिङ, कोचिङको साथै आवश्यकतामा आधारित वित्तीय साक्षरतालगायतका कार्यक्रमहरू हुँदै आएका छन्। सातै प्रदेशमा सरकार, निजीक्षेत्र र शैक्षिक संस्था मिलेर व्यवसाय सम्वर्धन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएका छन्।



## नेपालमा रहेका विशेष आर्थिक क्षेत्र, औद्योगिक ग्राम र औद्योगिक क्षेत्रहरूको विवरण








## व्यावसायिक मार्गमा अघि बढ्दै खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

- प्रतिनिधी सभा सदस्य निर्वाचन, २०८२ का लागि आवश्यक पर्ने मागबमोजिमका सामग्री आपूर्ति गर्न निर्वाचन आयोग, नेपाल र विभिन्न ५८ ओटा प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूसँग जि टु जी (G2G) सम्झौता गरी सामग्री आपूर्ति गरिएको,
- सुरक्षण मुद्रण केन्द्र र कम्पनीबिच स्मार्ट ड्राइभिङ्ग लाइसेन्स छपाइका लागि आवश्यक पर्ने कच्चा पदार्थ आपूर्ति गर्न जि टु जी सम्झौता गरी मागबमोजिमका कच्चापदार्थ आपूर्ति गरिएको,
- व्यापार विविधिकरणका लागि अफिस स्टेसनरी सामग्रीलगायतका गैह्र खाद्यवस्तुहरूको आयात गरी बिक्रीवितरण सुरु गरिएको,
- कम्पनीको मकवानपुर र पशुपतिनगरस्थित जग्गामा Fortified Rice Kernels (FRK) उत्पादन गर्न मेसिन जडानका लागि आवश्यक तयारी भइरहेको।






## नेपाल आयल निगमका उल्लेख्य कार्य

- अमलेखगञ्ज-लोथर पेट्रोलियम पाइपलाइन परियोजना अन्तर्गत लोथरमा निर्माण कार्यका लागि जग्गा प्राप्त भएको तथा सिलिगुढी-झापा (चारआली) पेट्रोलियम पाइपलाइन परियोजनाको निर्माण कार्य प्रारम्भ भएको।
- निगमको बबरमहलस्थित Corporate Building को निर्माण सम्पन्न भई सोही भवनबाट कार्यसञ्चालन भएको।
- पेट्रोलियम पदार्थको देशभर सहज आपूर्ति तथा वितरणको व्यवस्था मिलाइएको। एल.पी. ग्याँसको आपूर्ति असहज रहेको अवस्थामा निगमको टेकुस्थित कार्यालयबाट विभिन्न कम्पनीका ग्याँस बिक्री वितरण गरिएको साथै आपूर्ति असहज भएका बखत तत्कालको माग सम्बोधनका लागि प्रभावकारी रूपमा वैकल्पिक व्यवस्थापन गरिएको।

## लघु उद्यम विकास मोडेलको प्रारूप

सङ्घीय सरकारको सशर्त अनुदानमा लघु उद्यम विकास (मेड) मोडलको ढाँचामा ७५३ ओटै स्थानीय तहमार्फत् गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम (मेड्पा) सञ्चालनमा रहेको छ। मेड मोडलको मार्गीचित्र तल प्रस्तुत गरिएको छ :




## सम्पर्क

**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
सिंहदरबार, काठमाडौं
फोन : +९७७-०१ ४२११४५५
email: info@moics.gov.np
website: moics.gov.np
प्रवक्ता: ९८५१३५३५८८ | सूचना अधिकारी: ९८५१२३४४००



जानकारीमूलक ब्रोसर




नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं

२०८२ चैत्र

## मन्त्रालयको कार्यक्षेत्र

औद्योगिक वातावरण सिर्जना, लगानी प्रवर्धन, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको प्रवर्धन, सहजीकरण र नियमन, औद्योगिक सम्पत्तिको संरक्षण, औद्योगिक तथा व्यापार पूर्वाधार विकास जस्ता कार्यमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय संलग्न रहँदै आएको छ। क्षेत्रगत नीति तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तथा पृष्ठपोषण गर्ने मुख्य भूमिका रहेको यस मन्त्रालयको कार्यक्षेत्र मुख्यतः निम्नानुसार रहेको छ :

- औद्योगिक प्रवर्धन, पारवहन, व्यापार तथा आपूर्ति व्यवस्थापन, उपभोक्ता हितलगायतका विषयमा नीति, कानुन, योजना, मापदण्डको निर्माण र सोको कार्यान्वयन एवम् नियमन गर्ने,
- औद्योगिक तथा व्यापारिक पूर्वाधारहरूको विकास, विस्तार र सञ्चालन गर्ने एवम् औद्योगिक प्रविधि विकास र हस्तान्तरण गर्ने,
- औद्योगिक वौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्धन एवम् यससम्बन्धी अन्तराष्ट्रिय सङ्घ संस्थासँग सम्पर्क र समन्वय गर्ने,




- व्यापार सहजीकरण तथा निकासी प्रवर्धन, वार्ता एवम् सन्धिसम्झौता, व्यापारका लागि सहयोग (एड फर ट्रेड), तथ्याङ्क व्यवस्थापन, अध्ययन, अनुसन्धान र सर्वेक्षण गर्ने,
- रेडियोधर्मी पदार्थ, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्यााँस तथा खानी तथा खनिज पदार्थसम्बन्धी अनुसन्धान, सर्वेक्षण, अन्वेषण र उत्खननसम्बन्धी कार्य गर्ने,
- भौगर्भिक एवम् भूकम्पीय अध्ययन तथा अनुसन्धान, भूकम्प निगरानी, भूकम्प मापन केन्द्रहरूको सञ्चालनसम्बन्धी कार्य गर्ने,
- पेट्रोलियम पदार्थको पैठारी, प्रशोधन, भण्डारण, गुणस्तर निर्धारण, मूल्य निधारण, आपूर्ति, पूर्वाधार विकास र नियमन;
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।

### नीतिगत तथा कानुनी व्यवस्था

- वाणिज्य नीति, २०८१
- लघु, घरेलु तथा साना उद्योग प्रवर्धन नीति, २०८१
- राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८१
- विद्युतीय व्यापार (इ-कमर्श) ऐन, २०८१
- स्ट्याडर्ड नाप र तौल (मोहर बन्द प्याकेज) नियमावली, २०८२
- स्टार्ट अप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८२
- औद्योगिक तथा लगानी प्रवर्धन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१
- उद्यम संवर्द्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१
- सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग सम्बन्धी निर्देशिका, २०८१
- वस्तु तथा सेवाको उत्पादन गर्न एक आपसमा करार (कन्ट्र्याक्ट) वा उप करार (सब कन्ट्र्याक्ट) सम्बन्धी मापदण्ड, २०८१
- कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकनसम्बन्धी मापदण्ड, २०८१
- नेपाल व्यापार एकीकृत रणनीति (NTIS), २०८०
- नवप्रवर्तनकारी उद्यमीलाई पुरस्कृत गर्नेसम्बन्धी मापदण्ड, २०८०

### कार्यविधि/निर्देशिका/मापदण्ड/कार्ययोजना

- औद्योगिक ग्राम घोषणा तथा सञ्चालन कार्यविधि, २०८१
- व्यावसायिक सामाजिक उत्तरदायित्व (CSR) कार्यविधि,२०८२
- बिजनेस इक्युबेसन सेन्टर सञ्चालनसम्बन्धी कार्यविधि, २०८१
- औद्योगिक तथा लगानी प्रवर्धन कोष सञ्चालन कार्यविधि, २०८१
- लघु, घरेलु तथा साना उद्योग प्रवर्धन तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०८१



- स्थानीय तहमार्फत लघु, घरेलु तथा साना उद्योग प्रवर्धन तथा प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१
- कार्यस्थलमा आधारित तालिम सञ्चालन कार्यविधि, २०८१
- लघु, घरेलु तथा साना उद्योग प्रवर्धन तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०८१
- कच्चा पदार्थ खपतसम्बन्धी मापदण्ड,२०८१
- सुनचाँदी रत्न तथा आभूषणको जर्तीसम्बन्धी कार्यविधि, २०८१
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको तत्काल सुधार कार्ययोजना, २०८२

### संरचनागत व्यवस्था

**महाशाखा र विभागहरू**

| महाशाखा (७) | विभाग (६) |
|---|---|
| • प्रशासन तथा संस्थान महाशाखा | • उद्योग विभाग |
| • योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | • वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग |
| • औद्योगिक पूर्वाधार तथा वातावरण महाशाखा | • कम्पनी रजिस्ट्रारको कार्यालय |
| • औद्योगिक तथा लगानी प्रवर्धन महाशाखा | • खानी तथा भूगर्भ विभाग |
| • द्विपक्षीय तथा क्षेत्रीय व्यापार महाशाखा | • नेपाल गुणस्तर तथा नापतौल विभाग |
| • बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखा | • लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्र |
| • आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखा | |

### व्यवसाय दर्ता गर्ने सम्बन्धी आधारभूत जानकारी

| उद्योग विभाग (doind.gov.np) | कम्पनी रजिष्ट्रारको कार्यालय (ocr.gov.np) | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग (docscp.gov.np) |
|---|---|---|
| • Industry Management Information System (IMIS) | • Company Administration Management Information System (CAMIS) | • Firm Management Information System (FMIS) |
| • विदेशी लगानी भएका, अनुमति लिनुपर्ने, ठूला उद्योग र उद्योगसँग सम्बन्धित प्राइभेट फर्म सङ्घीय तहको उद्योग विभागबाट मात्र दर्ता तथा नवीकरण गरिन्छ।<br>• औद्योगिक सम्पत्ति (पेटेन्ट, डिजाइन र ट्रेडमार्क) दर्ता नवीकरणसम्बन्धी कार्य Industrial Property Administration System (IPAS ) बाट गरिन्छ। | • कम्पनी दर्तादेखि खारेजीसम्मका सबै कार्यकालागि अनलाइन बाटै CAMIS प्रणालीमार्फत आवेदन दिन सकिने।<br>• नाम स्वीकृति र कम्पनी दर्तासम्बन्धी निवेदन अनलाइन पोर्टल camis.ocr.gov.np बाट पेस गर्न सकिने र आवश्यक कागजात पुगेको खण्डमा कार्यालयमा नगईकनै दर्ता सम्पन्न हुने। लाग्ने दस्तुर अनलाइन प्रणालीबाट बुझाएपछि कम्पनी दर्ताको प्रमाणपत्र डिजिटल हस्ताक्षरसहित अनलाइन प्रणालीमै प्राप्त हुने। | • पाँच लाख रुपियाँभन्दा माथि जतिसुकै पुँजी भएका प्राइभेट र साझेदारी फर्म दर्ता, कम्पनी रजिष्ट्रारको कार्यलयमा दर्ता भएका कम्पनीहरूको वाणिज्यसम्बन्धी उद्देश्य राखी व्यवसाय इजाजतको रूपमा प्रमाणपत्र जारी गर्ने र संशोधन, नवीकरण, प्रतिलिपिलगायतका कार्यहरू गर्नको लागि उल्लिखित प्रणाली प्रयोग गरिन्छ। |



### मन्त्रालय मातहतका सार्वजनिक संस्थानहरू

**नेपाल सरकारको १०० प्रतिशत लगानी भएका संस्थान (७)**

१. हेटौडा सिमेन्ट उद्योग लिमिटेड
२. उदयपुर सिमेन्ट उद्योग लिमिटेड
३. हिमाल सिमेन्ट उद्योग लिमिटेड
४. जनकपुर चुरोट कारकाना लिमिटेड (सञ्चालनमा नरहेको)
५. नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड
६. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
७. धौवादी फलाम कारखाना लिमिटेड

**नेपाल सरकारको आंशिक स्वामित्व रहेका संस्थान (१३)**

१. गोरखकाली रबर उद्योग लिमिटेड (सञ्चालनमा नरहेको)
२. नेपाल ढलौट उद्योग लिमिटेड
३. रघुपति जुट मिल्स लिमिटेड (सञ्चालनमा नरहेको)
४. विराटनगर जुट मिल्स लिमिटेड (सञ्चालनमा नरहेको)
५. साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड
६. नेपाल औषधी लिमिटेड
७. नेपाल ओरियन्ड म्याग्नेसाईट प्राइभेट लिमिटेड
८. बुटवल धागो कारखाना लिमिटेड (सञ्चालनमा नरहेको)
९. नेपाल मेटल कम्पनी लिमिटेड
१०. नेपाल आयल निगम लिमिटेड
११. औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
१२. राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड
१३. विशाल बजार कम्पनी लिमिटेड

**विकास समिति**

१. नेपाल इन्टरमोडल यातायात विकास समिति
२. व्यापार तथा निकासी प्रवर्धन केन्द्र

**मुनाफा वितरण नगर्ने कम्पनी**

बुटवल टेक्निकल इन्स्टिच्युट

**प्राधिकरण**

विशेष आर्थिक क्षेत्र प्राधिकरण

**प्रतिष्ठान**

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

### मन्त्रालयबाट सम्पादित मुख्य कार्यहरूको विवरण

- सङ्घ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिम उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रसम्बद्ध विषयगत समितिको २०८२ मङ्सिर २१ को बैठकबाट विभिन्न १५ ओटा निर्णय गरिएको।
- काठमाडौँमा उपभोक्ता अदालत गठन भई २०८१ चैत्र ३ देखि सञ्चालनमा आएको।
- मन्त्रालयको 'सुशासन मार्गचित्र' तयार भएको।
- मन्त्रालयबाट मातहत निकायहरूको कार्यसम्पादन अनुगमनका लागि फाराम तयार गरी प्रयोगमा ल्याइएको।
- Government Integratetd Office Management System (GIOMS) प्रणाली सञ्चालन गर्न आवश्यक कार्यविधि निर्माण गरी २०८२ मङ्सिर १५ देखि कार्यान्वयनमा ल्याइएको।
- तिलगङ्गा आँखा अस्पतालको लेन्स उत्पादन गर्ने कारखानाका लागि स्रोत उपलब्ध गराइएको। साथै धौवादी फलाम खानीसम्म पहुँचमार्ग निर्माणको कार्यप्रारम्भ भएको।
- Asian Productivity Organization (APO) तथा नेपालस्थित उत्पादकत्व सङ्गठनको संयुक्त आयोजनामा Multi–Country Observational Study Mission on Gainsharing in Agriculture विषयक कार्यक्रम र Capacity Building on Wellness Tourism Packaging, Marketing, Accreditation and Certification कार्यक्रम सम्पन्न भएको।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम र Start Up उद्यम कर्जा सञ्चालन सम्बन्धमा प्रकृयागत सरलीकरण गरिएको। विद्युतीय व्यापार (इ-कमर्स) निर्देशिका, २०८२ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको। पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोग गर्ने आदेश, २०८२ जारी भएको।
- उद्योग विभागबाट स्वीकृत हुने विदेशी लगानी सहजीकरणका लागि स्वचालित मार्ग (Automated Route) मार्फत स्वीकृत हुने विदेशी लगानीको सीमा हटाइएको।
- उत्पत्तिको प्रमाणपत्र (Certificate of Origin) अनलाइन प्रणालीबाट जारी गर्न प्रारम्भ भएको।
- वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट हुने हरेक अनुगमनमा लिखित पृष्ठपोषण कार्डको प्रयोग गर्न सुरुवात गरिएको।
- संयुक्त राज्य अमेरिकाले नेपाललाई प्रदान गरेको Duty Free Quota Free (DFQF) सुविधा समेटिएको Nepal Trade Preference Program (NTPP) को निरन्तरता र नेपाललाई लगाइएको अतिरिक्त भन्सार छुटका लागि कुटनीतिक माध्यमबाट अनुरोध गरिएको।



- नेपाल र बङ्गलादेश वाणिज्य सचिवस्तरीय आठौँ बैठक २०८२ पुस २९-३० मा ढाकामा तथा Nepal–China Coordination Mechanism on Border Trade and Cooperation को वाणिज्य सचिवस्तरीय दोस्रो बैठक २०८२ माघ ६-७ गते ल्हासामा सम्पन्न भएको।
- भारतको विशाखापटनम्मा आयोजना भएको २५औँ Partnership Summit मा माननीय मन्त्रीज्यूको नेतृत्वमा सहभागिता जनाइएको। सोही अवसरमा नेपालको पारवहन सन्धिको प्रोटोकललाई संशोधन गर्ने LOE मा हस्ताक्षर भई सबै प्रकारका कार्गो रेल वीरगञ्ज नाका, जोगबनी नाका र सुनौली नाकासम्म आउन सक्ने गरी व्यवस्था भएको।
- विश्व व्यापार सङ्गठनको प्रावधानअनुसार नेपालको व्यापार नीतिको तेस्रो समीक्षा (Third Trade Policy Review) सम्पन्न भएको।
- सन् २०२५ अक्टोबर २० देखि २३ सम्म जेनेभा, स्विट्जरल्यान्डमा आयोजना भएको UN Trade and Development (UNCTAD) को १६औँ सेसनका क्रममा माननीय मन्त्रीज्यूले LDC group Ministerial Meeting को अध्यक्षता गर्नुभएको। उक्त सम्मेलनले नेपाललाई Bureau of Conference को Vice President का रूपमा निर्वाचित गरेको।
- शासकीय सुधार एकाइ र लेखा परीक्षण तथा वेरुजु फछ्र्यौट समिति गठन भई कार्य प्रारम्भ भएको।
- मन्त्रालयसम्बद्ध सातओटा सार्वजनिक संस्थानहरूको Due Diligence Audit (DDA) का लागि सहजीकरण गरिएको।
- दैलेखको जलजलेमा पेट्रोलियम पदार्थ अन्वेषणका लागि ड्रिलिङ कार्य सम्पन्न भई प्रारम्भिक प्रतिवेदन प्राप्त भएको।
- वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा Trade Facilitation Clinic सञ्चालनमा ल्याइएको। साथै व्यापार पारदर्शिता एकाइको गठन गरी कार्य प्रारम्भ भएको।
- औद्योगिक नमुनाको अनुमति प्रदान गर्ने सम्बन्धी प्रारम्भिक कार्य नेपाल गुणस्तर तथा नापतौल विभागसहित देशभरका ११ओटै कार्यालयबाट हुने गरी कार्यसरलीकरण गरिएको।
- नेपाल प्रत्यायन केन्द्र (Nepal Accreditation Centre) स्थापना गरी सञ्चालनमा ल्याइएको।
- विशेष आर्थिक क्षेत्रहरू र औद्योगिक क्षेत्रहरूको सुदृढीकरण गरी औद्योगिक लगानीलाई थप प्रोत्साहित गरिएको। औद्योगिक पहुँच सडक निर्माण, स्थानीय तहमा औद्योगिक ग्राम निर्माणका लागि सहजीकरण र समन्वय गरिएको।
- हरित औद्योगिकीकरण, ऊर्जा दक्षता तथा वातावरणमैत्री प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिएको ।
- द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय व्यापार सम्झौता कार्यान्वयनमा जोड दिनुको साथै विश्व व्यापार सङ्गठन अन्तर्गतका प्रतिबद्धता कार्यान्वयन गर्दै, SAFTA तथा BIMSTEC अन्तर्गत व्यापार सहजीकरण कार्यक्रम सञ्चालन गरिएको।
- निर्यात प्रवर्धन गर्न व्यापार मेलामा सहभागिता तथा व्यापार सहजीकरणसम्बन्धी कार्यान निरन्तर्ता।
- २०८२ भाद्र २७ मा गठित अन्तरिम मन्त्रिपरिषद्का मा.मन्त्री मन्त्रालयमा पदबहाली भएपश्चात् सार्वजनिक सेवाको प्रभावकारिता अभिवृद्धिका लागि तत्काल सुधार कार्ययोजना, २०८२ कार्यान्वयनमा आएकोमा हालसम्म ३९ सुधार क्षेत्रका ५२ क्रियाकलापमध्ये ३२ ओटाको नतिजा प्राप्त भएको र बाँकी २० ओटा कार्यान्वयनको क्रममा रहेको।

### कम्पनी प्रशासनमा रूपान्तरण देखिने केही नमुना

**आवेदन पहिला र अहिले**




**टिपणी पहिला र अहिले**

